एडीबी
समाचार
नेपालबाट

एसियाली विकास बैंक (एडीबी) को नेपाल आवासीय
नियोगले प्रकाशित गर्ने त्रैमासिक समाचारपत्र

वेबसाइटः http://www.adb.org/NRM
इमेलः adbnrm@adb.org

कात्तिक, २०६१

# नेपालमा समावेशी विकासको लागि एडीबीको सहायता

एसियाली विकास बैंक (एडीबी) ले आगामी पाँच वर्षसम्म नेपालका गरिब समुदायको आवश्यकता पूरा गर्न बढी समावेशी तथा परिणाममुखी प्रयासलाई बढावा दिने कुरा एडीबी सञ्चालक समितिद्वारा वि.सं २०६१ साल असोज २१ गते स्वीकृत राष्ट्रिय रणनीति तथा कार्यक्रममा उल्लेख छ।

सन् २००५-२००९ का लागि तयार पारिएको नयाँ राष्ट्रिय रणनीति तथा कार्यक्रमले देशका विभिन्न क्षेत्रबीचको सन्तुलनलाई प्रवर्द्धन गर्न तथा गरिबहरूको उत्थानका लागि आधारभूत सेवा र अवसरसम्म पहुँच बढाउन सरकारलाई सहयोग गर्नेछ। यसले महिला, जनजाति समूह, कथित तल्लो जातका समुदाय लगायत फाइदाबाट वञ्चित समूहहरूको आवश्यकतालाई पनि सम्बोधन गर्नेछ।

यो एडीबीको पहिलो परिणाममुखी राष्ट्रिय रणनीति तथा कार्यक्रम हो। यसले सरकारले खोजेका परिणामहरू, त्यसमा एडीबीले पुऱ्याउने योगदान तथा कार्यक्रमका माध्यमबाट अपेक्षा गरिएका उपलब्धिहरू पहिचान गरेको छ।

यसले गरिबीको स्तर मूल्यांकन तथा सरकार, नागरिक समाज, लाभान्वित समुदाय र विकास साझेदारका सबै तहसँगको बृहत् परामर्शका आधारमा रणनीति तथा कार्यक्रम तय गरेको हो।

'यो विकास प्रक्रियाले सामाजिक तथा आर्थिक प्रगतिमा मात्र होइन, फाइदाबाट वञ्चित समुदायको संलग्नतालाई सुनिश्चित गर्दै त्यसको स्थायित्वमा पनि योगदान पुऱ्याउनेछ', एडीबी नेपाल आवासीय नियोगका राष्ट्रिय निर्देशक सुल्तान हफिज रहमानले भन्नुभयो। फराकिलो दायरा भएको तथा समावेशी प्रक्रियाले मात्र मुलुकको विकास प्रक्रियाबाट बाहिरिएका र लामो समयदेखिको गरिबी चक्रलाई तोड्ने उहाँले बताउनुभयो।

नेपालमा गरिबी निवारणको गति सुस्त रहेको छ। यो संसारकै सबभन्दा गरिब राष्ट्रहरूमध्ये एक हो, जसको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन करिब २ सय ७० अमेरिकी डलर तथा गरिबी दर ३८ प्रतिशत छ। वि.सं. २०५२ सालमा सुरु भएको सशस्त्र द्वन्द्वले यो अवस्थालाई झनै जटिल तुल्याएको छ। यसले मानवीय जीवन र जीविकोपार्जनमा क्षति पुऱ्याउनुका साथै बसाईसराई, स्थानीय निर्वाचित निकाय भङ्ग हुनु तथा अस्थिरता र असुरक्षाको वातावरण उब्जाएको छ।

'द्वन्द्वले नेपाली समाजमा भित्रसम्म गडिएर रहेको भौगोलिक, आर्थिक, सामाजिक, लैङ्गिक तथा जनजातिगत असमानतालाई उजागर गरेको छ', राष्ट्रिय रणनीति तथा कार्यक्रममा भनिएको छ, 'नेपालीको जीविकोपार्जन उकास्न तथा द्वन्द्वको दीगो समाधान खोज्न यी असमानतालाई सम्बोधन गर्दै उच्च आर्थिक वृद्धि हासिल गर्नु अनिवार्य छ।'

राष्ट्रिय रणनीति तथा कार्यक्रमले एडीबी सञ्चालक समितिबाट स्वीकृत गर्नुपर्नेगरी सन् २००५ देखि २००७ सम्मको पहिलो तीन वर्षमा ११ वटा आयोजनाहरूका लागि ३५ करोड अमेरिकी डलर (२६ अर्ब २५ करोड रुपैयाँ) बराबरका ऋण कार्यक्रम प्रस्ताव गरेको छ। यी आयोजनाहरू ग्रामीण क्षेत्रको विकास, आधारभूत सामाजिक सेवाको सुधार, महिलाको आर्थिक विकासमा सहयोग गर्ने, निजी क्षेत्र विकासलाई प्रवर्द्धन गर्ने तथा सार्वजनिक र निजी क्षेत्रको शासकीय सुधारलाई बढावा दिने कार्यमा केन्द्रित छन्।




**सहभागितामूलक प्रयास :** पश्चिमाञ्चल क्षेत्रका विभिन्न संघ संस्थाबाट आएका प्रतिनिधिहरू राष्ट्रिय रणनीति तथा कार्यक्रम तयार पार्ने सिलसिलामा छलफल तथा स्थानीय आवश्यकताको प्राथमिकीकरण गर्दै।

सहायताको वास्तविक स्तर भने देशको कार्य-सम्पादन स्थिति तथा शान्ति प्रक्रियामा हासिल हुने प्रगतिले तय गर्नेछ।

'दीगो शान्ति हासिल भएको खण्डमा जनताले छिट्टै त्यसको प्रतिफल महसुस गर्नेगरी मुलुकको पुनर्स्थापन र सुधार प्रक्रियालाई तीव्र गति दिन उच्च स्तरको सहायता आवश्यक पर्नेछ', रहमानले भन्नुभयो।

ऋण कार्यक्रमसँगै सन् २००५-२००७ का लागि २६ वटा प्राविधिक सहायता तथा पाँचवटा अध्ययनको योजनासमेत प्रस्ताव गरिएका छन्, जसको लागत प्रतिवर्ष ४० लाख अमेरिकी डलर (३० करोड रुपैयाँ) रहनेछ। प्राविधिक सहायताले आयोजना तयारी, संस्थागत विकास, तालिम तथा विकास परिणामहरूको व्यवस्थापनमा सहयोग गर्नेछ। पाँचवटा प्रस्तावित अध्ययनले भने ग्रामीण विकास, यातायात सम्पर्क, पूर्वाधार र क्षेत्रीय विकासमा एडीबीका कार्यलाई निर्देशित गर्नेछ।

राष्ट्रिय रणनीति तथा कार्यक्रमले नेपालसँगको सहमतिका आधारमा एडीबीको मध्यकालीन विकास रणनीतिलाई परिभाषित गरेको छ। यो रणनीति तथा कार्यक्रमलाई यसको नियमित सान्दर्भिकता र कार्यान्वयन स्थितिका आधारमा प्रत्येक वर्ष अद्यावधिक गर्दै लगिनेछ। ■

## यस अंकमा...


- एडीबी सञ्चालक समितिद्वारा नेपाल भ्रमण २
- नेपाल राष्ट्रिय सहायता समीक्षा बैठक सम्पन्न २
- महानिर्देशकद्वारा प्रभावकारी विकास परिणाममा जोड २
- गरिबी निवारणका लागि जीविकोपार्जनमा सुधार र पूर्वाधार ३
- ग्रामीण क्षेत्रमा सम्पर्क सुधार ३
- नियोगका कर्मचारीहरूको समाचार ४
- गरिबमुखी तथा लैङ्गिक-सम्वेदनशील सेवा आपूर्तिको प्रबर्द्धन ४

# एडीबी सञ्चालक समितिद्वारा नेपाल भ्रमण

एसियाली विकास बैंक (एडीबी) सञ्चालक समितिको एक प्रतिनिधिमण्डलले वि.सं. २०६१ साल साउन १४ देखि १८ गतेसम्म नेपाल भ्रमण गरी यहाँका बरिष्ठ सरकारी अधिकारीहरू, नागरिक समाज, निजी क्षेत्र र अन्य विकास साझेदारका प्रतिनिधिहरूसँग एडीबीका काम-कारबाहीहरूबारे छलफल गरेको थियो।

नेपाल भ्रमणका क्रममा प्रतिनिधिमण्डलले उपप्रधानमन्त्री तथा अर्थमन्त्री भरतमोहन अधिकारी, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. शंकर शर्मा, मुख्य सचिव डा. विमलप्रसाद कोइराला तथा अन्य बरिष्ठ सरकारी अधिकारीहरूसँग भेटेर एडीबीका काम-कारबाहीहरू तथा नेपालको विकासमा द्वन्द्वले पारेको प्रभावबारे छलफल गरेको थियो। उहाँहरू बंगलादेशको औपचारिक भ्रमण सकेर नेपाल आउनुभएको थियो।

सञ्चालक समितिका सदस्यहरूले एडीबीको सहायतामा सञ्चालित पोखराको तेस्रो पशु विकास आयोजना र मेलम्ची उपत्यकाको मेलम्ची खानेपानी आयोजना भ्रमण गर्नुभएको थियो। उहाँहरूले आयोजनासँग सम्बन्धित मुद्दाहरूमा त्यसबाट लाभान्वित समुदाय तथा एडीबी नेपाल आवासीय नियोगका कर्मचारीहरूसँग अन्तर्क्रिया गर्नुभएको थियो।

प्रतिनिधिमण्डलमा एडीबीका कार्यकारी निर्देशकहरू युसुफ अनवर, स्टेफेन सेड्गविक र चैयुथ सुद्थितानाकोर्न तथा वैकल्पिक कार्यकारी निर्देशकहरू शाउलिन याङ, मासाइचिरो यामानिसी, अकरम मलिक र एम. सैफुल इस्लाम हुनुहुन्थ्यो।

यस प्रतिनिधिमण्डलले दक्षिण एसियाका तीन मुलुकहरू नेपाल, बंगलादेश र भुटानको भ्रमण गरेका थिए। भ्रमणको उद्देश्य यी मुलुकहरूको आवश्यकता तथा एडीबीको विकास अनुभवबारे राम्रो समझदारी हासिल गर्नु थियो। एडीबी सञ्चालक समितिको यो तेस्रो नेपाल भ्रमण हो। ■



**सञ्चालक समितिको भ्रमण : एडीबी सञ्चालक समितिका सदस्यहरू आयोजना लाभान्वित समुदायसँग अन्तर्क्रिया गर्नुहुँदै।**

# नेपाल राष्ट्रिय सहायता समीक्षा बैठक सम्पन्न

एसियाली विकास बैंक (एडीबी) ले वि.सं. २०६१ साल भदौ ७ देखि ११ गतेसम्म आयोजित वार्षिक नेपाल राष्ट्रिय सहायता समीक्षा बैठक (सीपीआरएम) मा भाग लियो। यसको आयोजना श्री ५ को सरकार, एडीबी, अन्तर्राष्ट्रिय समन्वयका लागि जापान बैंक र विश्व बैंकले संयुक्त रुपमा गरेका थिए।

बैठकले निम्न कार्यहरू गरेको थियो: १) प्रमुख परिसूचकहरूद्वारा मापन गरिएअनुरुप नेपालमा लगानी गरिएका आयोजनाको कार्य-सम्पादन मूल्यांकन, २) नेपालमा लगानी गरिएका आयोजनाको कार्य-सम्पादनमा शिथिलता ल्याउने प्रक्रिया तथा नीतिहरूमाथि छलफल, ३) सन् २००३ को सीपीआरएम कार्य योजना कार्यान्वयनको प्रगति समीक्षा, र ४) बैठकका नतिजाहरूका आधारमा कार्यान्वयनसम्बन्धी प्रमुख मुद्दाहरूको समाधान तथा नेपालमा लगानी गरिएका आयोजनाको समग्र कार्य-सम्पादन स्थितिमा सुधार ल्याउने उद्देश्यलाई प्रतिविम्बित गर्न परिमार्जित कार्य योजनाको तयारी।

यस वर्ष बैठकले आफ्नो कार्यमा विगतको भन्दा फरक शैली अपनाएको छ। छुट्टै क्षेत्रगत छलफल गर्नुको सट्टा आयोजना कार्यान्वयनमा संलग्न कर्मचारीहरू (आयोजना प्रबन्धक, खरिद तथा लेखा कर्मचारी, परामर्शदाता, ठेकेदार तथा गैर-सरकारी संस्थाहरू) सँग तीनवटा परामर्श कार्यशालाहरू आयोजना गरिएका थिए।

कार्यशाला मुख्य रुपले द्वन्द्वको अवस्थामा काम गर्ने तथा कार्य-पद्धतिहरूमा एकरुपता ल्याउने विषयमा केन्द्रित थियो। यी कार्यशालाका नतिजाहरू भदौ १० गते आयोजित बैठकको मुख्य कार्यशालासमक्ष प्रस्तुत गरिएका थिए। त्यस कार्यशालामा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. शंकर शर्माले अध्यक्षता गर्नुका साथै अन्य विभिन्न बरिष्ठ सरकारी अधिकारीहरूले भाग लिएका थिए।

बैठकले वर्तमान चासोका रुपमा न्यून करार सम्झौता तथा भुक्तानी अनुपातमाथि प्रकाश पारे पनि वि.सं. २०६० सालमा नेपालमा लगानी गरिएका आयोजनाहरूको कार्य-सम्पादनमा सुधार आएको कुरालाई भने स्वीकार गरेको थियो। बैठकका नतिजाहरूका आधारमै राष्ट्रिय कार्य-सम्पादन मूल्यांकन गरिनेछ। ■

# महानिर्देशकद्वारा प्रभावकारी विकास परिणाममा जोड

एसियाली विकास बैंक (एडीबी) को दक्षिण एसिया विभाग (सार्ड) का महानिर्देशक कुनियो सेङ्गाले यही असोज २४ देखि २६ गतेसम्मको आफ्नो नेपाल भ्रमणका क्रममा यहाँ एडीबीका काम-कारबाहीहरू प्रभावकारी विकास परिणाम र प्रभावकारिता हासिल गर्नेतर्फ लक्षित हुनुपर्ने बताउनुभएको छ।

श्री सेङ्गाले उक्त भ्रमणका क्रममा प्रधानमन्त्री शेरबहादुर देउवा, मन्त्रिपरिषद्का अन्य सदस्यहरू, बरिष्ठ सरकारी अधिकारीहरू, विकास साझेदारहरू तथा नागरिक समाजका प्रतिनिधिहरूसँग भेट गर्नुभएको थियो। उहाँले एडीबीको सहायताप्राप्त ग्रामीण लघुवित्त आयोजना स्थलमा भ्रमण गरेर त्यहाँका लाभान्वित महिलाहरूसँग अन्तर्क्रियासमेत गर्नुभएको थियो।

सरकारसँगको छलफल नेपालमा एडीबीका काम-कारबाहीहरू, एडीबीको सहायताप्राप्त आयोजनाहरूको कार्यान्वयन, नेपालका लागि एडीबीको नयाँ राष्ट्रिय रणनीति तथा कार्यक्रम र राम्रो विकास परिणाम तथा प्रभावकारिता हासिल गर्नेतर्फ केन्द्रित थियो।

'नेपालका लागि एडीबीको नयाँ राष्ट्रिय रणनीति तथा कार्यक्रमको कार्यान्वयनमा सरकारको प्रभावकारी संलग्नता र साझेदारीको खाँचो छ', श्री सेङ्गाले भन्नुभयो, 'नयाँ राष्ट्रिय रणनीति तथा कार्यक्रमको मुख्य रणनीतिक जोड परिणामका लागि आवश्यक बन्दोबस्त मिलाउनु रहेको छ।'

उहाँले विकास गतिविधि, संरचनात्मक सुधार र गरिबी निवारणलाई तीव्र गतिमा अघि बढाउन सरकारले शान्ति प्रक्रियाको थालनी गर्नुपर्ने आवश्यकतामाथि जोड दिनुभयो।

निजी क्षेत्रका प्रतिनिधि तथा नागरिक समाज समूहहरूसँगको छलफलका क्रममा श्री सेङ्गाले नेपालले भोगिरहेका वर्तमान विकास चुनौतिहरू तथा गरिबी निवारण र निजी क्षेत्रको विकास गर्दै उच्च तथा गरिबमुखी आर्थिक वृद्धि हासिल गर्न एडीबीले पुर्‍याएका सहायताबारे चर्चा गर्नुभयो।

नेपालका अन्य प्रमुख विकास साझेदारहरूसँगको परामर्श विकास सहायतामा एकरुपता ल्याउने तथा प्रभावकारीरुपले सहायता समन्वय गर्नेतर्फ केन्द्रित थियो।



**नागरिक समाज : महानिर्देशक कुनियो सेङ्गा नागरिक समाजका सदस्यहरूसँग अन्तर्क्रिया गर्नुहुँदै।**

श्री सेङ्गा दक्षिण एसियाली मुलुकहरू नेपाल, भारत, भुटान र पाकिस्तानको औपचारिक भ्रमणमा हुनुहुन्थ्यो। भ्रमणको उद्देश्य यी मुलुकहरूको आवश्यकता तथा एडीबीको विकास अनुभवबारे राम्रो समझदारी हासिल गर्नु थियो। दक्षिण एसिया विभागका महानिर्देशकमा नियुक्त भएपछि श्री सेङ्गाको यो पहिलो नेपाल भ्रमण हो। ■

# गरिबी निवारणका लागि जीविकोपार्जनमा सुधार र पूर्वाधार

जीविकोपार्जनका अवसरहरू सिर्जना गरेर गरिबी निवारणमा सहयोग गर्न एसियाली विकास बैंक (एडीबी) ले वि.सं. २०६१ साल असोज ८ गते ४ करोड अमेरिकी डलर (करिब ३ अर्ब रुपैयाँ) बराबर ऋण स्वीकृत गरेको छ। यसले नेपालका गरिब तथा दुर्गम द्वन्द्व प्रभावित समुदायहरूमा ग्रामीण पूर्वाधार विकास गर्ने उद्देश्यसमेत लिएको छ।

श्री ५ को सरकारले द्वन्द्वको अवस्थामा विकास कार्यहरूलाई सुचारू राख्ने एक अग्रणी आयोजनाका रुपमा लिएको विकेन्द्रीत ग्रामीण पूर्वाधार तथा जीविकोपार्जन आयोजनाले पश्चिम, मध्य-पश्चिम र सुदूर-पश्चिमका क्षेत्रका १४ जिल्लाहरूसमेत गरी १८ जिल्लाहरू समेट्नेछ। यी जिल्लाहरू देशका अत्यन्त गरिब र सर्वाधिक द्वन्द्व प्रभावित क्षेत्र मध्येका हुन्।

आयोजनाले प्रत्येक जिल्लामा स्थानीय गैर-सरकारी संस्थाहरूका माध्यमबाट सामाजिक परिचालन कार्यक्रम सञ्चालन गरेर गरिब जनताको आम्दानी र जीविकोपार्जनलाई पुनर्स्थापित गर्नेछ। द्वन्द्व प्रभावित क्षेत्रहरूमा यही प्रयासअनुरुप काम हुँदै आएको छ।

यस आयोजनाले गरिबीमुखी प्रभावलाई सुनिश्चित गर्नुका साथै सामाजिक एकता बढाउनका लागि खासगरी योजना बनाउन, कार्यान्वयन, अनुगमन तथा विकास कार्यहरू जारी राख्नमा ग्रामीण समुदायको सहभागितालाई प्रवर्द्धन गर्नेछ। यसले प्रमुख उप-आयोजनासँग सम्बन्धित निर्माण कार्यहरूमा चाहिने अदक्ष कामदारको रोजगारी उक्त पूर्वाधारबाट प्रभावित क्षेत्रमा बसोबास गर्ने जनताका लागि सुरक्षित राख्नेछ।

यस आयोजनाबाट सडक, गोरेटो बाटो, झोलुङ्गे पुलजस्ता ग्रामीण यातायात पूर्वाधारको सञ्जाललाई विस्तार गरिनेछ। नेपालका ६ हजार ६ सय किलोमिटर जिल्ला सडकहरूमध्ये धेरैजसो कच्ची सडक छन्। स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (डोलिडार) को अनुमानअनुसार देशका १४ हजार किलोमिटर ग्रामीण सडकहरूमध्ये २५ प्रतिशतभन्दा बढी सवारी आवागमनको निम्ति अनुकूल छैनन्।

थुप्रै जिल्लाहरूमा अझै पनि सडक सुविधा पुग्न सकेको छैन भने अन्य केही जिल्लामा सडकको चाप अत्यन्तै कम छ। दुर्गम पहाडी तथा हिमाली जिल्लाहरूमा अधिकांश जनता सडकबाट एक दिनभन्दा बढी हिंड्नुपर्ने ठाउँमा बसोबास गर्छन् र भौतिक पूर्वाधारको न्यून पहुँचसँगै उनीहरूको समग्र गरिबी पनि बढिरहेको छ।

यस आयोजनाले ग्रामीण सडक सञ्जालको दीगो व्यवस्थापनलाई सुनिश्चित गर्न विकेन्द्रीत शासन व्यवस्थामा सुधार ल्याउनका लागि जिल्ला तथा राष्ट्रिय सरकारलाई सहयोग गर्नेछ।

यो ऋणसँगै स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागको क्षमता र प्रभावकारितालाई सुदृढ तुल्याउन ४ लाख अमेरिकी डलर (करिब ३ करोड रुपैयाँ) बराबर प्राविधिक सहायता अनुदान पनि प्रदान गरिनेछ।

यस आयोजनाको कुल लागत ६ करोड २३ लाख अमेरिकी डलर (४ अर्ब ६७ करोड २५ लाख रुपैयाँ) बराबर रहने अनुमान गरिएको छ, जसमध्ये श्री ५ को सरकारबाट १ करोड ४७ लाख डलर (१ अर्ब १० करोड २५ लाख रुपैयाँ) र स्थानीय सरकार तथा लाभान्वित समूहहरूबाट ५० लाख डलर (३७ करोड ५० लाख रुपैयाँ) प्राप्त हुनेछ। यसैगरी, विकास तथा सहयोगका लागि स्वीस नियोगले १९ लाख डलर (१४ करोड २५ लाख रुपैयाँ) र प्राविधिक सहयोगका लागि जर्मन नियोगले ७ लाख डलर (५ करोड २५ लाख रुपैयाँ) योगदान गर्नेछन्।

स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागले कार्यान्वयन गर्ने यस आयोजनाको म्याद वि.सं. २०६८ साल साउन महिनासम्म रहेको छ। ■

# ग्रामीण क्षेत्रमा सम्पर्क सुधार

नेपालमा यातायात सम्पर्क सुधार गर्न एसियाली विकास बैंक (एडीबी) ले वि.सं. २०६१ साल भदौ ३ गते ६ लाख अमेरिकी डलर (करिब चार करोड ५० लाख रुपैयाँ) बराबर प्राविधिक सहायता स्वीकृत गरेको छ। यस अनुदान सहायताबाट नेपालका ग्रामीण क्षेत्रहरूमा पहुँच विस्तार गर्ने उपायबारे अध्ययन गरिनेछ।

यो प्राविधिक सहायता जापान सरकारद्वारा लगानी गरिएको जापान विशेष कोषबाट उपलब्ध हुनेछ। यसअन्तर्गत श्री ५ को सरकारको २० वर्षे सडक गुरूयोजनासँग मेल खानेगरी १० वर्षे यातायात सम्पर्क कार्यक्रम तयार पारिनेछ।

प्राविधिक सहायताले त्यसपछि मध्यकालीन कार्यक्रमका लागि कार्य योजनाको पहिलो चरण कार्यान्वयन गर्न आयोजना तयार पार्नेछ। त्यस आयोजनाले सुधारिएका सहायक तथा मुख्य सडकहरूका माध्यमबाट देशको रणनीतिक सडक सञ्जाललाई ग्रामीण क्षेत्रहरूसँग जोड्नेछ।

यो प्राविधिक सहायताले सडकको मर्मतसम्भार कार्यमा शत्प्रतिशत लगानी गर्न पुग्नेगरी राजस्व संकलन बढाउन सडक कोष बोर्डलाई सहयोग गर्नेछ, जसले सडक पूर्वाधारहरूको सञ्चालन र मर्मतसम्भारका लागि लगानीको दीगो व्यवस्था सुनिश्चित हुनेछ।

नेपालको यातायात प्रणाली अत्यधिक मात्रामा सडक सञ्जालमा निर्भर छ। यसको महत्वपूर्ण भाग राष्ट्रिय राजमार्ग तथा अन्य सहायक सडकहरू मिलेर बनेको ४ हजार ७ सय ४० किलोमिटर लामो रणनीतिक सडक सञ्जाल नै हो।

भौतिक योजना तथा निर्माण मन्त्रालयले कार्यान्वयन गर्ने यस प्राविधिक सहायताको अवधि वि.सं. २०६२ साल असार महिनासम्म छ। यसको कुल लागत ७ लाख २० हजार अमेरिकी डलर (करिब ५ करोड ४० लाख रुपैयाँ) रहेको छ, जसमध्ये श्री ५ को सरकारले १ लाख २० हजार अमेरिकी डलर (करिब ९० लाख रुपैयाँ) लगानी गर्नेछ। ■



**यातायात सम्पर्क :** ग्रामीण यातायातको सुधारका लागि स्थानीय समुदाय ग्रामीण सडक निर्माणमा सहयोग गर्दै।

# गरिबमूखी तथा लैङ्गिक-सम्वेदनशील सेवा आपूर्तिको प्रबर्द्धन

कृषि तथा पशुजन्य क्षेत्रको सेवा आपूर्तिलाई महिला, गरिब तथा फाइदाबाट वञ्चित समूहहरूको आवश्यकताप्रति बढी सम्वेदनशील तुल्याउन एसियाली विकास बैंक (एडीबी) ले नेपाललाई २ लाख अमेरिकी डलर (करिब १ करोड ५० लाख रुपैयाँ) बराबर प्राविधिक सहायता अनुदान दिएको छ।

यो प्राविधिक सहायता संयुक्त अधिराज्य सरकारद्वारा लगानी गरिएको गरिबी निवारण समन्वय कोषबाट उपलब्ध हुनेछ।

श्री ५ को सरकार र एडीबीबीच यही भदौ महिनामा हस्ताक्षर भएको यस प्राविधिक सहायताले सुदूर-पश्चिम विकास क्षेत्रका दुई जिल्लाहरू डोटी र कञ्चनपुरका गरिब महिला तथा पुरुष, सम्बन्धित संस्था र स्थानीय निर्वाचित निकायहरूलाई लक्षित गर्नेछ।

एडीबीले आफ्नो सहायतामा सञ्चालित तेस्रो पशु विकास आयोजनाको निरन्तरतास्वरुप सुरु गरेको सामुदायिक पशु विकास आयोजना सञ्चालन भएका गाउँ विकास समितिहरूमा यो प्राविधिक सहायता सञ्चालन गर्नेछ।

यसअन्तर्गत छिटो प्रभाव पार्ने किसिमका घरायसी कृषिजन्य गतिविधिहरू सञ्चालन गरिनुका साथै सामुदायिक संस्थाहरूको गठन, ग्रामीण जीविकोपार्जनमा सुधार, सम्बन्धित संस्था तथा स्थानीय निकायको सुदृढीकरण र व्यवस्थितरुपमा लैङ्गिक मूलप्रवाहीकरण गर्ने तथा फाइदाबाट वञ्चित समूहहरूको सहभागितालाई सक्रियरुपले प्रबर्द्धन गर्ने खालका प्रयासहरू पहिचान गरिनेछन्।

प्राविधिक सहायताको कुल लागत २ लाख ५० हजार अमेरिकी डलर (१ करोड ८७ लाख ५० हजार रुपैयाँ) रहेको छ, जसमध्ये श्री ५ को सरकारले ५० हजार डलर (३७ लाख ५० हजार रुपैयाँ) लगानी गर्नेछ। यस आयोजनाको कार्यान्वयन निकाय महिला विकास विभाग रहेको छ। ■

---

# नियोगका कर्मचारीहरूको समाचार

एसियाली विकास बैंक (एडीबी) नेपाल आवासीय नियोगमा एकजना नयाँ कर्मचारी नियुक्त हुनुका साथै चारजना कर्मचारीहरूको पदोन्नति भएको छ।

### नयाँ कर्मचारी



नेपाल आवासीय नियोगका कार्यक्रम/आयोजना कार्यान्वयन अधिकृत पदमा वि.सं. २०६१ साल भदौ १६ गतेदेखि **शाहिद परवेज** नियुक्त हुनुभएको छ। उहाँले राष्ट्रिय रणनीति तथा कार्यक्रम, क्षेत्रगत कार्यहरू तथा आयोजनाको प्रशासन र अनुगमनमा सहयोग गर्नुहुनेछ। एडीबीमा आउनुअघि श्री परवेजले भारतको नयाँ दिल्लीस्थित अन्तर्राष्ट्रिय मकै तथा गहुँ सुधार केन्द्रमा सामाजिक-अर्थशास्त्रीका रुपमा काम गर्नुभएको थियो। उहाँले भारतको बैंगलोरस्थित कृषि विज्ञान विश्वविद्यालयबाट कृषि अर्थशास्त्रमा स्नातकोत्तर गर्नुभएको छ।

### पदोन्नति



नेपाल आवासीय नियोगमा वि.सं. २०५५ साल वैशाख महिनादेखि काम गर्दै आउनुभएका आयोजना कार्यान्वयन अधिकृत **गोविन्द ज्ञवाली**को यही असोज ८ गतेदेखि लागू हुनेगरी पदोन्नति भएको छ। श्री ज्ञवालीले कृषि क्षेत्र आयोजनाहरूको समूह सदस्यका रुपमा यसको व्यवस्थापन र प्रशोधनको जिम्मेवारी सम्हाल्नुभएको छ। उहाँले नेदरल्यान्डको हेगस्थित 'इन्स्टिच्युट अफ सोसियल स्टडिज' बाट कृषि तथा ग्रामीण विकास अर्थशास्त्रमा स्नातकोत्तर गर्नुभएको छ। नेपाल आवासीय नियोगमा आउनुअघि उहाँ जीटीजेड/नेपाल, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम, क्यानाडा अन्तर्राष्ट्रिय विकास नियोगको सहायताप्राप्त कर्णाली भेरी एकीकृत ग्रामीण विकास आयोजना तथा कृषि आयोजना सेवा केन्द्रमा काम गर्नुहुन्थ्यो।



नेपाल आवासीय नियोगमा वि.सं. २०५१ साल वैशाख महिनादेखि काम गर्दै आउनुभएका प्रशासकीय सहायक **आरती राई**को २०६० साल चैत १९ गते बरिष्ठ प्रशासकीय सहायकमा पदोन्नति भएको छ। श्रीमति राईले वित्त तथा प्रशासकीय एकाईको जिम्मेवारी सम्हाल्नुभएको छ। उहाँले भारतको पटनास्थित बिहार नेशनल कलेजबाट अर्थशास्त्रमा स्नातक गर्नुभएको छ। नेपाल आवासीय नियोगमा आउनुअघि उहाँ विश्व बैंकको सहयोगप्राप्त त्रिशुली देवीघाट जलविद्युत् सुधार आयोजनामा काम गर्नुहुन्थ्यो।



नियोगमा वि.सं. २०५४ साल असार महिनादेखि काम गर्दै आउनुभएका **रजनी तुलाधर**को २०६० साल चैत १९ गते बरिष्ठ प्रशासकीय सहायकमा पदोन्नति भएको छ। उहाँले आयोजना प्रशासकीय एकाईमा सहयोग गर्नुहुनेछ। श्रीमति तुलाधरले त्रिभुवन विश्वविद्यालयबाट अर्थशास्त्रमा स्नातक गर्नुभएको छ। नेपाल आवासीय नियोगमा आउनुअघि उहाँ हाउस अफ राजकर्णिकारमा काम गर्नुहुन्थ्यो।



२०६० साल चैत १९ गते **ठूलो कान्छा लामा**को बरिष्ठ सामान्य सेवा कर्मचारीमा पदोन्नति भएको छ। उहाँ करारवाला कर्मचारीका रुपमा २०४८ साल भदौ महिनादेखि नेपाल आवासीय नियोगमा प्रवेश गरी २०५४ साल असार महिनादेखि नियमित कर्मचारीका रुपमा नियुक्त हुनुभएको हो। त्यसअघि उहाँले राष्ट्रिय योजना आयोगमा रहेको एडीबी सहायताप्राप्त विस्तारित वित्त आयोजनामा तीन वर्ष काम गर्नुभएको थियो।



नेपाल आवासीय नियोगमा सबभन्दा लामो समयदेखि काम गर्ने कर्मचारीहरूमध्येका **कुमार लामा**को वि.सं. २०६० साल चैत १९ गते बरिष्ठ सामान्य सेवा कर्मचारीमा पदोन्नति भएको छ। उहाँ २०४६ साल कात्तिक महिनामा करारवाला कर्मचारीका रुपमा नेपाल आवासीय नियोगमा प्रवेश गर्नुभएको थियो र त्यसपछि २०५४ साल असार महिनादेखि उहाँ नियमित कर्मचारीका रुपमा नियुक्त हुनुभएको थियो। उहाँले २०५७ साल कात्तिक महिनामा १० वर्ष सेवा पदक प्राप्त गर्नुभएको थियो। ■


**एडीबी समाचार नेपालबाट**

एसियाली विकास बैंक (एडीबी) को नेपाल आवासीय नियोगले प्रकाशित गर्ने यस त्रैमासिक समाचारपत्रको मुख्य उद्देश्य एडीबी र उससँग आबद्ध समूहहरूबीच सूचना आदानप्रदानलाई विस्तार गराउनु हो। 'समाचार नेपालबाट' ले एडीबीका गतिविधि सम्बन्धी जानकारी दिनुका साथै नेपालमा विकासे मुद्दाबारे छलफल गर्न मञ्च उपलब्ध गराएको छ। यद्यपि यसमा प्रकाशित भएका लेखहरूले एडीबीको आधिकारिक विचार प्रवाह गरेको छ भनी अनिवार्यरुपमा भन्न सकिदैन। हामी पाठकहरूको सुझाव तथा प्रतिक्रियाको स्वागत गर्छौं।



नेपाल आवासीय नियोग
श्रीकुञ्ज, कमलादी, वार्ड नं. ३१
ब्लक नं. २/५९७, कामनपा
काठमाडौं, नेपाल।
फोन : (९७७-१) २२७ ७७९, २२७ ७८४, २२० ३०५
फ्याक्स : (९७७-१) ०२२५ ०६३
इमेल : adbnrm@adb.org
वेबसाइट : http://www.adb.org/NRM